annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ११० पृष्ठ ८ | काठमाडौं, आइतबार १ भदौ २०८२ | भाद्र कृष्णपक्ष नवमी नेपाल संवत् ११४५ | SUNDAY, AUGUST 17, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

लयमा फर्कंदै सर्वोच्च, साख जोगाउने चुनौती

न्यायको आसमा सर्वोच्च अदालतको दैलो ढकढक्याउने सेवाग्राहीको संख्या बढ्दै छ। न्यायाधीशहरू समयमै इजलासमा बस्न थालेका छन्। मुद्दा सुनुवाइ, फछ्र्यौट र फैसला लेखनमा व्यस्त छन्। सर्वोच्चका न्यायाधीशहरू चार वर्षपछि सर्वोच्च अदालत लयमा फर्किएको सगर्व सुनाउँछन्। तर, न्यायबेत्ताहरू भन्छन्, 'न्यायालय लयमा आयो। तर, न्याय आयो कि आएन ? न्यायालयसँगै न्याय पनि लयमा आओस्।'

दिनेश गौतम | काठमाडौं

– को रिपोर्ट

समाचार पृष्ठ २

आव २०८२ /०८३ का लागि के छ, प्राथमिकता र लक्ष्य ?

- विशेष समूहका मुद्दालाई प्राथमिकतामा राख्ने
- थुनुवा मुद्दाहरू र तीमध्ये पनि ५० प्रतिशत कैद भुक्तान गरिसकेकाहरूको मुद्दालाई प्राथमिकता दिने
- विकास निर्माणसम्बन्धी मुद्दालाई प्राथमिकता
- आगामी पुस मसान्तसम्म ६ वर्ष पुराना मुद्दाहरू शून्यमा ल्याउने (हाल यस्तो मुद्दाको संख्या ५०६ रहेको)
- असार मसान्तसम्म ५ वर्ष पुराना मुद्दाहरू शून्यमा ल्याउने
- ५ वर्ष नाघेका मुद्दाहरूका लागि बुधबार र शुक्रबारबाहेक दैनिक चारवटा इजलास (डेडिकेटेड बेन्च)को रूपमा तोक्ने

सर्वोच्चका कार्ययोजना के छन् ?

- ५ वर्ष नाघेका मुद्दाहरूका लागि आईसीयू (डेडिकेटेड बेन्च र अभियान फाँट)
- मुद्दाको अंग पुऱ्याउने कार्यमा तदारुकता अपनाउने
- शुक्रबारबाहेक सबै दिन चारवटा इजलास बस्ने
- मानवीय कारणबाहेक सुनुवाइ स्थगत नहुने
- शुक्रबार पनि साँझ ५ बजेसम्मै इजलास बस्ने
- शुक्रबार चिया समय अगाडि एक प्रकृतिको र चिया समयपछि दोहोऱ्याइ पाउँ मुद्दाहरू हेर्ने
- पेसी भेरिफिकेसन प्रणाली
- मुद्दा हेर्न नमिल्ने न्यायाधीश बाहेकका न्यायाधीशहरूबीच मात्र गोला
- अभियानका मुद्दाको कजलिस्टमा टपअप नगर्ने
- अभियान फाँटका मुद्दाहरूकालागि अनुगमन समूह
- अन्तरप्रभावि मुद्दाको कारण बाधा परेको भए समयमै उपयुक्त उपाय अवलम्बन गर्ने
- अप्रत्यासित कारण परेमा बाहेक एकै दिन ४ जना भन्दा बढी न्यायाधीश अनुपस्थित नहुने

ट्रम्प–पुटिन भेटवार्ता, ऐतिहासिक अनि उपलब्धिनजिक

सुरज भण्डारी | अमेरिका

अमेरिकी राष्ट्रपति डोनाल्ड जे ट्रम्प र रूसी राष्ट्रपति भ्लादिमिर पुटिनबीच अमेरिकाको अलास्का राज्यस्थित एक्कोरेज सहरमा रहेको अमेरिकी आर्मी बेसमा शुक्रबार शिखर वार्ता भएको छ। सन् २०१५ पछि अमेरिका आएका रूसी राष्ट्रपति पुटिन र अमेरिकी राष्ट्रपति ट्रम्पबीचको वार्तालाई रूस र युक्रेनबीच जारी युद्ध अन्त्यका लागि ऐतिहासिक पहलका रूपमा लिइएको छ।

रूसी राष्ट्रपति पुटिन र अमेरिकी राष्ट्रपति ट्रम्पबीच विभिन्न अन्तर्राष्ट्रिय फोरमहरूमा वार्ता भए पनि अमेरिकी भूमिमा वार्ता भएको भने पहिलोपटक हो। अमेरिकाले रूससँग मे २८, १८६७ मा अलास्का खरिद गरेको भूमि हो, जुन अमेरिकाको सबैभन्दा ठूलो राज्यका रूपमा पर्दछ। अलास्कालाई अमेरिकी संसद्ले जनवरी ३, १९५९ मा राज्यको दर्जा दिएको थियो। रूससँग खरिद गरेको र रूसको जमिनभन्दा ३ माइलमात्र टाढा रहेको अलास्काको एक्कोरेजमा भएको वार्तामार्फत अमेरिकी राष्ट्रपति ट्रम्पले धेरै सन्देश दिन सफल भएका छन्। परिणामत: रूस र युक्रेनबीच जारी युद्ध अन्त्यका लागि ऐतिहासिक निर्णय नभए पनि युद्ध अन्त्यका लागि 'आइसब्रेक' भएको छ। युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्सेकीलाई दबाब बढाइरहेका अमेरिकी राष्ट्रपति ट्रम्पले रूसका राष्ट्रपति पुटिनमाथि पनि दबाब बढाउन सफल भएका छन्। अन्तर्राष्ट्रिय रूपमा पनि चर्चा बटुलेका ट्रम्पका लागि पुटिनसँग अमेरिकी भूमिका भएको वार्ता अमेरिकी राजनीतिमा उनका लागि फलदायी साबित भएको छ। पुटिनसँगको वार्ता र वार्तापछि पुटिनले दिएको अभिव्यक्तिले ट्रम्पलाई आन्तरिक राजनीतिमा फाइदा पुऱ्याएको छ। रूसी राष्ट्रपति पुटिनले यसअघि नै ट्रम्प राष्ट्रपति निर्वाचित भएको भए रूस र युक्रेनबीच युद्ध नै नहुने खालको दिएको अभिव्यक्तिले ट्रम्पलाई फाइदा पुगेको छ। अमेरिकी राष्ट्रपति चुनावमा रूसको संलग्नतालाई समेत अफवाहको रूपमा दुवै शीर्ष नेताले सिद्ध गरिदिए।

झन्डै ३ घण्टा भएको वार्तापछिको पत्रकार सम्मेलनमा दुवै देशका राष्ट्रपतिले एक अर्कालाई सम्मानसहित प्रशंसायुक्त अभिव्यक्ति दिए। दुवैले रूस र युक्रेनबीच युद्धबिरामको संभावनालाई बढाउने खालको धारणा राखे। युद्धविरामका लागि अर्को पक्ष युक्रेन र युक्रेनलाई साथ दिएको नेटो अनि युरोपेली युनियनलगायत अन्तर्राष्ट्रिय शक्ति राष्ट्रहरू सम्मिलित नभएकाले हुन सक्छ दुवै देशका राष्ट्रपतिले सकारात्मक सन्देश सहितको धारणा राखे।

रूसका राष्ट्रपति पुटिनले अर्को वार्ता रूसको मस्कोमा हुने आशय राख्दा अमेरिकी राष्ट्रपति ट्रम्पले त्यसलाई इन्कार गरेनन्। अमेरिकी राष्ट्रपति पछिल्लो पटक सन् २०१३ मा रूस पुगेका थिए, त्यतिखेर बाराक ओबामा अमेरिकाका राष्ट्रपति थिए। त्यही वर्षनै ट्रम्प पनि मिस युनिभर्सका लागि रूस गएका थिए।

झन्डै ३ घण्टा भएको वार्तापछिको पत्रकार सम्मेलनमा दुवै देशका राष्ट्रपतिले एक अर्कालाई सम्मानसहित प्रशंसायुक्त अभिव्यक्ति दिए। दुवैले रूस र युक्रेनबीच युद्धबिरामको संभावनालाई बढाउने खाले धारणा राखे।

विश्वका विभिन्न देशबीचमा जारी युद्ध अन्त्य र ती देशहरूका बीचको विवाद अन्त्यका लागि पहल र दबाब दुवै दिइरहेका अमेरिकी राष्ट्रपति ट्रम्पले दक्षिण एसियादेखि पूर्वी एसिया, मध्यपूर्वदेखि युरोपसम्म आफू र आफ्नो प्रशासनलाई सक्रिय तुल्याइरहेका छन्।

भारत र पाकिस्तानबीचको सुरुवात भइसकेको युद्ध पनि आफ्नो दबाब र पहलले रोकिएको दाबी गरिरहेका ट्रम्पले पछिल्लोपटक मध्यपूर्वमा आफ्नो शक्ति खर्च गरिरहेका छन् भने युक्रेनमाथि दबाब बढाउँदै रूस र युक्रेनबीच युद्धविराम गराउन लागिरहेका छन्।

नोबल शान्ति पुरस्कारको चर्चामा रहेका अमेरिकी राष्ट्रपति ट्रम्पले रूसका राष्ट्रपति पुटिनसँगको वार्तामार्फत विश्वलाई धेरै सन्देश दिन सफल भएका छन्। युक्रेनका राष्ट्रपतिलाई अमेरिका निम्त्याएर हवाइटहाउसमै बेइज्जत गरी फर्काएर आलोचना खेपे पनि अमेरिकी राष्ट्रपति ट्रम्पले विभिन्न ढंगबाट दबाब बढाउँदै युक्रेनका राष्ट्रपति जेलेन्स्सीकीलाई सहमति आउन बाध्य तुल्याएका छन्।

यसबीचमा अमेरिकी स्वार्थसँग जोडिएको युक्रेनको खनिजजन्य पदार्थमा अमेरिकी पहुँचलाई पनि संभव तुल्याएका छन्। रूसलाई समेत युद्ध विरामका लागि मनाउन उनले सुरुमा अनुरोध गरे पनि पछिल्लो समय दबाब स्वरूप विभिन्न कदमहरू चालेका थिए। अन्तत: रूसका राष्ट्रपति युद्धविरामका लागि पहलको सुरुवात गर्दै अमेरिकी राष्ट्रपति ट्रम्पसँग भेट गर्न सहमत भई, अमेरिका आएका थिए। हुनत: अमेरिकी राष्ट्रपति ट्रम्प र रूसका राष्ट्रपति पुटिनबीच राम्रो सम्बन्ध रहँदै आएको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले उल्लेख गर्दै आएका छन्।

जुन कुरा रूसका राष्ट्रपति पुटिनको अमेरिका भ्रमणका क्रममा पनि देखियो। अमेरिकी राष्ट्रपति रुसका राष्ट्रपति पुटिनलाई लिन उनी आएको विमानसम्म जानु र रेड कार्पेटमार्फत स्वागत गर्दै वार्ता अघि र पछि दुवैले एक अर्कालाई गरेको सम्मानयुक्त अभिव्यक्तिले पनि देखायो। ३ घण्टा चलेको वार्तापछि १२ मिनेट प्रेसलाई दिएको सम्बोधनको क्रममा रूसका राष्ट्रपति पुटिनले वार्ता फलदायी भएको अनि अमेरिकी राष्ट्रपति ट्रम्पले युद्धविरामको सुरुवात भनि दिएको अभिव्यक्ति निकै महत्वपूर्ण रह्यो।

वार्तामा के-के भयो, कस्तो ढंगबाट सहमति गर्ने र युद्धविराम गर्ने भन्ने बारे कस्तो खालको खाका तयार भयो भन्ने सन्दर्भमा केही बाहिर नआएकाले युद्धविरामको आधार केलाई बनाइने भन्ने थाहा हुन सकेको छैन। तर, पनि अब युक्रेनलाई युद्धविराम गर्नुको अर्को विकल्प छैन। यसो हुँदा रूसले कब्जामा लिएको भूमि युक्रेनले सधैंका लागि गुमाउनुपर्ने पनि हुन सक्दछ। अर्कोतर्फ युद्धविराम नगरे युक्रेनले ठूलो धन जनको क्षति व्यवहोर्नुपर्ने हुन सक्नेछ। रूस र अमेरिकाका राष्ट्रपति विचको वार्तालाई युक्रेनका राष्ट्रपतिले सकारात्मक रूपमा लिएको प्रतिक्रिया दिएका छन। टीटमार्फत उनले पहल हुनुलाई सकारात्मक रूपमा लिएको तर युक्रेनको उपस्थिति विनाको वार्तामा भएका सहमति युक्रेनका लागि वाध्यकारी नहुने स्पष्ट पारेका छन्। यो कुरा उनले विगतदेखि नै बताउँदै आएका थिए।

» बाँकी पृष्ठ ६

ठूला संरचना लिजमा दिने तयारी, कानुन नहुँदा मापदण्डकै भर

सरकारी भवन तथा संरचना	निर्माण सम्पन्न	लागत(रुपैयाँ)
वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र	२०५० साल	करिब १ अर्ब
सुन्धारा धरहरा	२०७८ सालमा आंशिक उद्घाटन, अझै केही निर्माण बाँकी	करिब ३ अर्ब ५३ करोड
सनराइज सभाहल गोदावरी	२०७९ साल	करिब ८० करोड
दमक व्यापारिक केन्द्र	२०८२	१ अर्ब ७९ करोड
बुटवल सभाहल	२०७९	१ अर्ब ४६ करोड
बुटवल प्रदर्शनी कक्ष	२०७९	१ अर्ब २२ करोड

सुनिता कार्की | काठमाडौं

सरकारी लगानीका ठूला संरचनाहरूलाई पूर्णरूपमा सञ्चालनका लागि लिजमा दिने तयारी भइरहेको छ। १ अर्ब रुपैयाँभन्दा माथिका आयोजनाबाट प्रतिफल आउने गरी लिजमा दिने तयारी रहेको सरकारी अधिकारीहरू बताउँछन्। हालको संसद् भवन (वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र), गोदावरीको सनराइज सभाहल, सुन्धाराको धरहरा, दमक व्यापारिक केन्द्र, बुटवलको सभाहल र प्रदर्शनी कक्षसहित ६ संरचना लिजमा दिने तयारी सरकारले गरेको छ।

यी संरचनालाई सरकार आफैंले सघन रूपमा उपयोग गर्न नसक्दा प्रतिफल दिन सकिरहेका छैनन्। लिजमार्फत निजी क्षेत्रको साझेदारीमा यी संरचनाको सञ्चालन सुधार गर्ने प्रस्ताव सरकारको छ। तर, सरकारी भवन तथा संरचना लिजमा दिने कानुन छैन। अहिलेसम्म सरकारी भवन तथा संरचना लिजमा दिने अभ्यास भएको देखिँदैन।

कानुन नभए पनि अहिलेलाई मापदण्ड बनाएर अघि बढ्ने सरकारको तयारी छ। यसका लागि सहरी विकास मन्त्रालयले सरकारी भवन तथा संरचना लिजमा दिन विशेष संरचना सञ्चालनसम्बन्धी मापदण्ड तयार गरेको मन्त्रालयका प्रवक्ता नारायणप्रसाद मैनालीले जानकारी दिए। तत्कालीन वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र (हाल संसद् भवन) को नाम परिवर्तन गरी 'विशिष्ट संरचना व्यवस्थापन तथा कार्यान्वयन समिति कायम गरेको छ। सरकारले 'विशिष्ट संरचना सञ्चालन तथा व्यवस्थापन विकास समिति (गठन) आदेश, २०८१' अनुसार उक्त समिति गठन गरिएको हो। सरकारी संरचनाको सञ्चालन, व्यवस्थापन, संरक्षण र सम्भावित साझेदारी (लिज/भाडा) प्रक्रियालाई हेर्ने यो सरकारी समिति हो।यी भवनमा अर्बौं लगानी गरे पनि खाली रहने, घाटा हुने वा सरकारी निकायले मात्र प्रयोग गर्दा आर्थिक दिगोपन नहुने देखिएपछि सरकारले ०८१ मंसिरबाट समिति गठन गरेर यी सम्पत्ति कस्तो मोडेलमा सञ्चालन गर्ने (सरकारी, निजी साझेदारी वा लिज) भन्ने निर्णय गर्ने जिम्मा दिएको छ। यो समितिको अध्यक्ष सहरी विकास मन्त्रालयका सचिव हुने र कार्यकारी निर्देशक सरकारले तोकिएको व्यक्ति हुने व्यवस्था छ। तर, अहिले समितिको कार्यकारी निर्देशक पद करिब ३ महिनादेखि रिक्त छ। 'पदपूर्तिका लागि विज्ञापन खुलाइएको छ। केही समयमा समितिले कार्यकारी निर्देशक पाउँछ। सो बेलासम्मका लागि मलाई जिम्मेवारी तोकिएको छ,' प्रवक्ता मैनालीले भने। उनका अनुसार समितिको बोर्ड बैठक आइतबार बस्दै छ। सहरी विकास मन्त्रालयले तयार गरेको विशेष संरचना सञ्चालनसम्बन्धी मापदण्ड समितिको बोर्ड बैठकमा पेस हुँदै छ।

उक्त बैठकले पारित गरेसँगै कानुन मन्त्रालय र अर्थ मन्त्रालयमा रायको लागि पेस गरिने प्रवक्ता मैनाली बताउँछन्। यी मन्त्रालयबाट राय आएपछि मन्त्रिपरिषद्मा स्वीकृतिका लागि पेस गरिने र मन्त्रिपरिषद्को स्वीकृतिसँगै उक्त मापदण्ड कार्यान्वयनमा जाने मैनाली बताउँछन्।

'मन्त्रालयले तयार पारेको उक्त मापदण्डमा तोकिएका संरचनामा सरकारको कुल लगानी कति, सञ्चालन खर्च कति लाग्छ र प्रतिफल कति वर्षमा पाउने भन्ने गरी लिजिङ डकुमेन्ट तयार भएको छ। करिब ५ देखि ६ वर्षसम्म लिजमा दिने गरी मापदण्ड बनाइएको छ,' मैनालीले भने। यहि आधारमा प्रत्येक संरचनाको मूल्य निर्धारण गरिने र त्योभन्दा कम नहुने गरी टेन्डर आह्वान गरिने छ।

सरकारले लिजमा दिने तयारी गरेका ६ संरचनामा सनराइज सभा हल, दमक व्यापारिक केन्द्र र बुटवल सभाहल सम्पन्न भइसकेका छन्। सुन्धाराको धरहरा र बुटवल प्रदर्शनी कक्षको केही निर्माण काम बाँकी छ। नयाँ बानेश्वरस्थित संसद् भवन भने २०५० सालतिर नै चिन सरकारले बनाइदिएको हो। पहिला सभा, सम्मेलनका लागि प्रयोग हुँदै आएको बिआइसीसी भवन गणतन्त्रपछि संसद् भवनका रूपमा सरकारले नै प्रयोग गर्दै आइरहेको छ।